***मिति २०७९ साल जेष्ठ २४ गतेको दोस्रो कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु***

**प्रस्तावहरु :**

१) खरी जातको बाख्रा श्रोतकेन्द्र ब्लकका लागि स्थान छनौट गर्ने सम्बन्धमा ।

२) विभिन्न कार्यविधि, रणनिती, निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा ।

३) दुल्लू न.पा. १३ विनायक वजारमा कृषि विकास बैंकको शाखा स्थापना गर्ने सम्बन्धमा ।

४) कोल्डरुम स्टोर स्थापना गर्ने सम्बन्धमा ।

५) घर नक्सापास गर्ने सम्बन्धमा ।

६) विषयगत समिति गठन गर्ने सम्बन्धमा ।

७) सुरक्षीत नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

८) नगरस्तरीय पोषाण व्यवस्थापन समितिको पुनर्गठन गर्ने सम्बन्धमा ।

९) अपाङ्गता समन्वय समितिको सदस्य मनोनयन गर्ने सम्बन्धमा ।

१०) सडक लगत कट्टाका लागि संयुक्त बैठक आयोजना गर्ने सम्बन्धमा ।

***निर्णयहरु***

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा पशु अस्पताल तथा पशु सेवा कार्यालय दैलेखको साझेदारीमा यस नगरपालिकामा संचालन गर्न लागिएको खरी जातको बाख्राको श्रोतकेन्द्र ब्लक स्थापनाका लागि दुल्लू नगरपालिका वडा नं. ६ को लेखालगाउँ र वडा नं. १३ को खातिगौडालाई छनौट गरी कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको कार्य सम्पादनलाई सहज बनाउनका लागि स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार अनुसार तपसिलका अनुसारका कार्यविधि, रणनिती, निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

(क) विषयगत समिति (कार्य संचालन) कार्यविधि, २०७९

(ख) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७९

(ग) लैगिंक समानता तथा सामाजिक समाबेशीकरण रणनीति, २०७९

(घ) आपतकालिन एवम् जोखिम अबस्थामा रहेका महिलाहरुको संरक्षणका लागि लैगिंक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७९

(ङ) स्वयंसेवक व्यूरो गठन तथा परिचालन निर्देशिका, २०७९

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा दुल्लू नगरपालिका वडा नं. ६, ११, १२ र १३ का नागरिकहरुलाई दुल्लू वजार स्थित संचालनमा आएका बैंकहरुमा आउन जान र सोहि स्थानमा संचालित प्राकृतिक स्रोत व्यबस्थापन कलेजको दैनिक आर्थिक करोवार गर्नका लागि असहजा भएकाले दुल्लू न.पा. वडा नं. १३ स्थित बैंक वजारमा कृषि विकास बैंकको शाखा कार्यालय स्थापनाका लागि कृषि विकास बैंक शाखा कार्यालय दैलेख, प्रदेश कार्यालय सुर्खेत र केन्द्रिय कार्यालय लगायतका सरोकारवाला निकायहरुलाई अनुरोध गरि पठाउने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आ.व. सशर्त अनुदान कृषि तर्फको स्वीकृत कार्यक्रम अनुसार कोल्डरुम स्टोर निर्माणका लागि रु ११ लाख विनियोजन भएकोमा उक्त रकम कार्यान्वयन गर्न यस कार्यालयबाट प्रस्ताव आह्वान गरे अनुसार अनुसार दुल्लू न.पा. ६ निवासी श्री कालिका कृषि तथा पशुपंक्षी फर्म दुल्लू न.पा. ६ दैलेखले सोहि वडाको छिउडी पुसाकोट वजार क्षेत्र नजिक सत प्रतिशत साझेदारी रकम निजलेनै व्यहोर्ने गरी प्रस्ताव पेश गरेकाले उक्त प्रस्ताव स्वीकृत गरि निर्माण कार्यका लागि सम्झौता गर्ने निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको मौजुदा नगर सडक गुरु योजना निर्माण हुदाँ साविकका १ देखि ९ वडासम्म मात्र समेटिएको तर राज्य पुनर्संरचना पश्चात समाहित भएका वडा नं. १० देखि १३ सम्म नगर सडक गुरु योजनामा समाबेस नभएको साथै उक्त क्षेत्रमा समेत घर नक्सापास नगरि घर लगायतका नयाँ संरचना निर्माण गर्न कठिनाई भई रहेकाले नयाँ संरचना निर्माण गर्दा संघीय सरकार, प्रदेश सरकार मार्फत संचालित सडकहरुमा संरचना निर्माण गर्दा सोहि सडकको निर्धारीत मापदण्ड अनुसार र नगरस्तरीय सडकहरुमा संरचना निर्माण गर्दा सेटव्याक सहित ८ मिटर कायम गरि घर नक्सापास गर्ने निर्णय गरियो ।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा दुल्लू नगरपालिकाको बिषयगत समिति (कार्य संचालन) कार्यविधि, २०७९ तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार नगरपालिकाबाट सम्पादन हुने कामकारबाहीलाई प्रभाबकारी बनाउन निम्नानुसारका विषयगत समिति गठन गर्ने निर्णय गरियो ।

(क) सामाजिक विकास समिति :

संयोजक श्री लिलाराम लम्साल

(ख) पूर्वाधार विकास समिति :

संयोजक श्री तिलक प्रसाद उपाध्याय

(ग) आर्थिक विकास समिति :

संयोजक श्री हस्त बहादुर खड्का

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति :

संयोजक श्री कुल बहादुर कार्की

(ङ) सुशासन तथा संस्थागत विकास समिति :

संयोजक श्री शुशिल कुमार भण्डारी

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकामा ३१६ वटा घरमा (खरको छानामुक्त) सुरक्षीत नागरिक आवास कार्यक्रमका लागि कार्यक्रम प्राप्त भई गत आ.व.मा पहिलो चरणमा प्रत्येक वडामा २४ वटाका दरले घरधुरी छनौट गरिएकोमा सोहि घरधुरीको खरको छाना व्यवस्थापन गर्न चालु आ.व.मा सम्झौता भई कार्यान्वयन भई रहेको तर केहि लाभान्वित घरधुरीका व्यक्तिहरुले विभिन्न कारण देखाई निर्माण गर्न नसक्ने अवस्था भएकाले गत बर्ष निवेदन दिई बैकल्पीक सुचिमा रहेका घरधुरीमा छाना निर्माण गर्न वडा समितिको निर्णय सहित सिफारिस भई आएमा सोहि अनुसार सम्झौता गरि तत्तकाल कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको नगर स्तरीय पोषण व्यवस्थापन समिति निम्नानुसार पुनर्गठन गर्ने निर्णय गरियो ।

तपसिल

क) नगर प्रमुख : संयोजक

ख) नगर उप प्रमुख : सदस्य

(ग) १३ वटै वडाका वडा अध्यक्षहरु : सदस्य

(घ) कार्यपालिकाका सदस्यहरु : सदस्य

(ङ) विषयत शाखा प्रमुख : सदस्य

(च) पोषण कार्यक्रमको सम्पर्क व्यक्ति : सदस्य सचिव

९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि, २०७५ बमोजिम नगर स्तरीय अपाङ्ग समन्वय समितिमा नगर कार्यपालिकाको तर्फबाट देहाय अनुसारका सदस्यहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

तपसिल

(क) कार्यपालिका सदस्य (महिला) श्री सिता शाह, सदस्य

(ख) माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्ये श्री केशब बहादुर भण्डारी, सदस्य

१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा यस दुल्लू क्षेत्रका सडकहरुको लगत कट्टा सम्बन्धी छलफल गरि कार्य अगाडी बढाउन आवश्यक देखिएको हुदाँ यस क्षेत्रबाट निर्वाचित संघीय र प्रदेश माननिय, सडक डिभिजन कार्यालय सुर्खेत, जिल्ला प्रशासन कार्यालय दैलेख, इलाका प्रशासन कार्यालय दुल्लू, मालपोत कार्यालय दुल्लू, नापी कार्यालय दुल्लू सहित नगर कार्यपालिकाको संयुक्त बैठकका लागि आह्वान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।